लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, प्युठान

## फायर फाइटर (अग्नि नियन्त्रक दस्ता) छनौट सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०८**

प्रस्तुत विषयमा रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाण्डौं को पत्र संख्या २०८१।०८२ चलानी नं. ३०६ मिति २०८१।१०।२७ गतेको प्राप्त पत्रानुसार सम्बृद्धिका लागि वन परियोजनाको कार्यक्रमबाट यस कार्यालयको निर्णय अनुसार वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि निम्न बमोजिमका फायर फाइटर (वन डढेलो नियन्त्रक दस्ता) ५ जना छनौट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गर्न सूचना प्रकाशन गरिएको छ ।

- न्यूनतम शैक्षिक योग्यताः सामान्य लेखापढी गर्नसक्ने ।
- आवश्यक सिप/दक्षता वनडढेलो रोकथाम एवं नियन्त्रणको लागि आवश्यक परेको जुनसुकै वेलामा खटेर कार्य गर्नसक्ने । आवासीय रुपमा कार्यालयमा नै बसी जुनसुकै बेला खटिन सक्ने ।
- आवेदकको उमेरको हद १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
- नागरिकताः नेपाली ।
- आवेदन साथ सलग्न गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाण पत्र, रु. १० को टिकट टासी हस्त लिखित निवेदन, अनुभवन सम्बन्धी प्रमाणपत्र ।
- आवेदन दिनु पर्ने अन्तिम मिति २०८१/१२/१४ गतेको कार्यालय समयभित्र ।
- आवेदन बुझाउने स्थान डिभिजन वन कार्यालय, प्युठान, खलंगा।
- गर्नुपर्ने कार्यहरु तथा शर्तहरु छनौट भएका आवेदकले निम्न शर्तहरुको अधिनमा रहि देहायमा कामकाज गर्नु पर्नेछ ।
- कामकाज गर्नु पर्ने कार्यहरु वन डढेलो नियन्त्रणको लागि प्रचारप्रसार गर्ने, वन डढेलो रोकथाम एवं नियन्त्रणको लागि सुरक्षाकर्मी एवं वन कर्मचारीहरुको साथमा जुनसुकै बेला खटिने, वन डढेलो निभाउने, कन्ट्रोल बर्निङ्ग गर्ने, कार्यालय परिसर र जिल्लाभित्रका आवश्यक स्थानहरुमा प्रज्वलनशिल पदार्थ व्यवस्थापन, नियमित सरसफाई लगायत वनडढेलो नियन्त्रण एवं रोकथामको लागि गर्नुपर्ने र कार्यालयले तोके बमोजिमका बनडढेलो रोकथाम सम्वन्धि सम्पूर्ण कार्यहरु गर्ने।
- पारिश्रमिक तथा सुविधाहरु : मासिक पारिश्रमिक रू. १७३००/- र फायर ड्रेस १ सेट ।
- आवास सुविधा उपलब्ध हुने ।
- खाना सुविधा : स्वयले व्यवस्थापन गर्नुपर्ने ।
- कार्य गर्नुपर्ने अवधिः २.५ महिना।
- काम गर्नुपर्ने स्थानः डिभिजन वन कार्यालय, प्युठानको कार्यक्षेत्र ।
- छनौटको किसिमः अन्तरवार्ता ।

भूतपूर्व सैनिक, शसस्त्र प्रहरी, नेपाल प्रहरी तथा म्यादी प्रहरी भई कार्य गरिसकेका, विगतमा वनडढेलो नियन्त्रण दस्तामा रही कार्य गरेको र विगतमा शसस्त्र वन रक्षक, वन रक्षक, वन कर्मचारी तथा वन हेरालुको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

धनिश्वर न्यौपाने
निमित्त डिभिजनल वन अधिकृत